# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/८३
चलानी नम्बर :-

मिति : २०८२।०५।२४

## हार्दिक श्रद्धाञ्जली एंव शोक विदा ।

नेपालमा जारी Gen Z आन्दोलनका क्रममा दु:खद रुपमा अमूल्य ज्यान गुमाउनु भएका सम्पूर्ण युवा तथा विद्यार्थीहरु प्रति यशोधरा गाउँपालिका गहिरो हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माहरुको चिरशान्तिको कामना गर्दछौं ।

यस दु:खद घडीमा आन्दोलनरत सम्पूर्ण पक्षलाई संयमता, धैर्यता र जिम्मेवार ढङ्गले आफ्नो अभिव्यक्ति प्रस्तुत गर्न हार्दिक अपिल गर्दछौं । लोकतान्त्रिक अभ्यास शान्तिपूर्ण र सभ्य तरिकाले मात्र सार्थक हुने भएकोले कुनै पनि प्रकारको हिंसा वा अराजक गतिविधिबाट टाढा रहन सबैमा आग्रह गर्दछौं ।

यसै सन्दर्भमा, ज्यान गुमाउनु भएका आत्माहरुको सम्झना र श्रद्धाञ्जलि स्वरुप यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु (आकस्मिक सेवा बाहेक) तथा सम्पूर्ण शैक्षिक संस्थाहरुलाई मिति २०८२।०५।२४ गते दिन मङ्गलवार १ (एक) दिनका लागि शोक विदा रहने जानकारी गराइन्छ ।

लोकतन्त्रमा शान्तिपूर्ण प्रदर्शन गर्न पाउने नागरिकको अधिकार प्रति यशोधरा गाउँपालिका सधै प्रतिवद्ध रहनेछ । साथै यस अन्दोलनको क्रममा उठेको मागहरु यथाशिघ्र सम्वोधन गर्न नेपाल सरकारसँग यशोधरा गाउँपालिका जोडदार माग गर्दछ ।

२४ भ्रद, २०८२

.............................................
शिव दयाल तिवारी
गाउँपालिका अध्यक्ष

शिव दयाल तिवारी
गा. पा. अध्यक्ष



Scanned with CamScanner